श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३७ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

वाक् तथा प्रकाशन स्वतन्त्रता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपालको संविधानले सबै नेपाली नागरिकलाई वाक् तथा प्रकाशन स्वतन्त्रता र शान्तिपूर्वक र विना हातहतियार भेला हुने स्वतन्त्रता प्रदान गरेको, र

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय जनमत संग्रहको परिप्रेक्ष्य र सन्दर्भमा त्यस्तो स्वतन्त्रता उपभोग गर्नको लागि प्रचलित कानूनको बन्देजबाट छूट प्रदान गरिबक्सेको, र

स्वस्थ प्रजातान्त्रिक अभ्यासको लागि मर्यादित तथा तथ्यपूर्ण आलोचना र प्रत्यालोचना गर्ने परम्परा बसाल्न त्यस्तो स्वतन्त्रताको हकको उपभोग गर्न पाउने व्यवस्था गर्न एवं शान्ति र व्यवस्था कायम राख्न केही कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "वाक् तथा प्रकाशन स्वतन्त्रता ऐन, २०३७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. स्वतन्त्रताको उपभोग: (१) नेपालको संविधानको व्यवस्थाको अधीनमा रही नेपाली नागरिकले आफ्नो विचार अभिव्यक्त गर्न गराउन पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) को प्रयोजनको लागि लेख, टीका-टिप्पणी, आलोचना वा समालोचना लेख्न वा प्रचार गर्न गराउन तथा शान्तिपूर्वक र विना हातहतियार आमसभा गर्न पाइनेछ ।

(३) उप-दफा (१) र (२) मा लेखिएको कुनै कुराले पनि कुनै पनि व्यक्तिलाई देहायको कुनै कुराको कुनै किसिमले प्रचार गर्न गराउन वा देहायको कुनै काम कुरा गर्न गराउन छूट दिएको मानिनेछैनः–

(क) कुनै राजनैतिक दल, संगठन, संस्था वा संघको नामबाट वा त्यस्तो दल, संगठन, संस्था वा संघलाई बुझाउने कुनै नामबाट वा त्यस्तो दल, संगठन, संस्था वा संघको प्रत्यक्ष वा अप्रत्यक्ष अस्तित्व देखाई प्रचार प्रसार गर्न वा वक्तव्य दिन वा कुनै कुरा छाप्न वा प्रकाशन गर्न,

(ख) देशको सार्वभौमसत्ता, अविभाज्यता र विभिन्न वर्ग, पेशा, जातजाति वा क्षेत्रका जनताको बीचको सुसम्बन्धमा खलल पर्न जाने गरी राष्ट्रिय एकतामा आँच आउने कुरा र देशको सुरक्षा र शान्ति व्यवस्था खलल हुने कुरा,

(ग) शाही नेपाली सेना वा प्रहरी वा सरकारी कर्मचारीलाई भड्काई आफ्नो कर्तव्यबाट विचलित गराउने कुरा ।

३. मनाही गरिएको ठाउँमा बाहेक अन्यत्र सभा गर्न वा पोष्टर टाँस्न पाउनेः (१) कसैले आमसभा, जुलूस वा प्रदर्शन गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँ र समयमा बाहेक अन्य ठाउँ र समयमा आमसभा, जुलूस वा प्रदर्शन गर्न पाउनेछ ।

(२) कसैले पोष्टर, पर्चा जस्ता प्रचार सामग्री टाँस्दा वा भित्तामा लेख्ने जस्तो काम गर्दा जनसाधारणको सुविधा र सार्वजनिक हितलाई ध्यानमा राखी स्थानीय प्रशासनद्वारा मनाही गरिएको ठाउँमा बाहेक अन्य ठाउँमा टाँस्न वा लेख्ने काम गर्न पाउनेछ ।

४. दण्ड सजायः (१) कसैले दफा २ को उप-दफा (३) वा दफा ३ को बर्खिलाप कुनै काम कुरा गरेमा वा गर्न प्रयत्न गरेमा निजले यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(२) कसैले यस ऐन अन्तर्गत कसूर गरेमा त्यस्तो कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै सजाय तोकिएको भए सोहीबमोजिम सजाय हुनेछ र सजाय नतोकिएको भए छ हजार रूपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

५. मुद्दा हेर्ने अधिकारीः (१) यस ऐन अन्तर्गतको मुद्दामा कारवाई र किनारा गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अदालतलाई हुनेछ र सो अदालतले विशेष अदालत ऐन, २०३१ बमोजिम गठित अदालतलाई भए सरहको सबै कार्यविधि सम्बन्धी अधिकार प्रयोग गर्नेछ ।

(२) उप-दफा (१) बमोजिमको अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि वाक् तथा प्रकाशन स्वतन्त्रता अध्यादेश, २०३७ अन्तर्गत अञ्चलाधीशद्वारा कारवाई भई छिन्न बाँकी रहेका मुद्दाहरू उप-दफा (१) बमोजिम तोकेको अदालतमा सर्नेछन । मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४५

(४) यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकारवादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

६. अरू प्रचलित कानूनबमोजिम हुने: यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम हुनेछ र बाँकी अरू कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

७. प्रचलित कानूनमा संशोधन: देहायका ऐनहरूमा देहायबमोजिम संशोधन गरिएको छः–

(क) संघ संस्था नियन्त्रण गर्ने ऐन, २०१९ को दफा २ को उप-दफा (३) झिकिएको छ र दफा ३ मा रहेको "उप-दफा (१), (२) वा (३)" भन्ने शब्दहरू सट्टा "उप-दफा (१) वा (२)" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उप-दफा (१) को प्रथम प्रकरणको सट्टा देहायको प्रकरण राखिएको छः–

"अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारवाई हुने वा हुलदंगा हुने आशंका भएको कार्यलाई रोक्न देहायबमोजिम गर्नु पर्दछः–"

८. वाक् तथा प्रकाशन स्वतन्त्रता अध्यादेश, २०३७ निष्क्रिय भएपछि त्यसको परिणाम : वाक् तथा प्रकाशन स्वतन्त्रता अध्यादेश, २०३७ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

लालमोहर सदर मितिः– २०३७।४।२६।४

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

५८६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।